# स्थानीय राजपत्र

## मुसिकोट नगरपालिका, रुकुम (पश्चिम)

## कर्णाली प्रदेश, नेपाल


| | | | |
|---|---|---|---|
| खण्डः २, | वर्षः २ | असोज, १८ गते २०७५ साल | संख्या : ४ |

भाग २


**मुसिकोट नगरपालिका**

**मुसिकोट नगर कार्यपालिकाले बनाएको देहाय बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ**

# करारखेती प्रशतावनामा आधारित कार्यक्रम संचालन कार्यविधि, २०७५

**प्रमाणीकरण विवरण:**

प्रमाणीकरण गर्ने पदाधिकारीको दस्तखत:

प्रमाणिकरण गर्नेको नाम थर: देविलाल गौतम

पद: प्रमुख

प्रमाणीकरण मिति:

मुसिकोट नगरपालिका रुकुम (पश्चिम)

मुसीकोट नगरपालिकाको करिव ७० प्रतिशत जनसख्या कृषिमा आधारित रहेको र कृषि नै जिविकोपार्जन र आर्थिक विकासको मुख्य आधार रहेकाले कृषिलाई प्राथमिकता दिनु नितान्त जरुरी र स्थानिय सरकारको आवश्यकता हो । कृषि युक्त भूमी गैऱ्ह कृषि क्षेत्रमा प्रयोग हुनु, प्राकृतिक स्रोतको सहि परिचालन गर्न नसक्नु, कृषि विकासका लागि आवश्यक पूर्वाधारहरु विकास नहुनु, कृषि उपज वजारीकरणको क्षेत्रमा काम नहुनु जग्गा खण्डीकरण हुदै जानु,, साना कृषकको जग्गामा पहुच नहुनु, पहुच भएकाले खेतीलाई प्राथमिकता नदिनुले गर्दा कृषिको सोचे अनुसार विकास हुन सकेको छैन । तथापि यस क्षेत्रको भौगोलिक वनावट, हावापानी, माटो र प्राकृतिक स्रोतहरुले गर्दा कृषिमा पर्याप्त विकास गरिने सकिने आधारहरु विधमान छन् । नेपालको संविधान, राष्ट्रिय कृषि नितीले जमिनमा पहुच हुन नसकेका साना व्यवसायिमुखी कृषकलाई भुमीमा पहुच वढाई, उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने, रोजगारी सृजना गर्ने, आर्थिक अवस्थामा सुधार गरि व्यवसायिकता विकास गर्ने लक्ष्य लिएको छ । उक्त उद्धेश्य पुरा गर्न जग्गा भाडामा लिई खेती गर्ने कृषकका लागि कृषककै प्रश्तावनामा आधारित रहि उसले चाहेको क्षेत्रमा लगानी गरि उक्त लगानीलाई नतिजामुखी वनाउन र कृषकका लागि सहज र सरल विधिवाट सेवा पुऱ्याउने लक्ष्यका साथ मुसीकोट नगरपालिका नगर कार्यपालिकाले करारखेती प्रश्तावनामा आधारित कार्यक्रम संचालन कार्यविधि २०७५, तयार गरेको छ ।

मुसीकोट नगरपालिका रुकुम (पश्चिम)

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**

(१) यो कार्यबिधिको नाम "करारखेती प्रश्तावनामा आधारित कार्यक्रम संचालन कार्यविधि २०७५ " रहेको छ ।

(२) यो कार्यबिधि मुसीकोट नगरपालिका नगर कार्यपालिका वाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा प्रयोग गरिएका शव्दावली तपशिल अनुसार हुनेछ ।

क) करार खेती : जग्गा भाडामा लिई कृषिकार्य गरेका कृषकलाई सम्झनु पर्दछ । कृषिकार्यवाट आर्थिक उपार्जन गरि व्यवसायिकता विकास गर्ने किसान लाई करार खेतीमा संलग्न किसान सम्झनु पर्ने छ ।

३. **उद्देश्य**

(क) आफ्नो जग्गा नभएका वा थोरै जग्गा भएका कृषकलाई जग्गामा पहुच विस्तार गर्न ।
(ख) साना कृषकमा व्यवसायिक खेती विकास गरि कृषि पेशालाई सम्मानजनक वनाउन ।
(ग) करार खेतीगर्ने कृषकलाई लागतमा न्यूनिकरण गरि प्रतिश्प्रर्धि वनाउन ।

## परिच्छेद २
## कार्यक्रम संचालन प्रकृया

(क) करार खेती प्रश्तावनामा आधारित कार्यक्रम संचालन गर्नका लागि मुसीकोट नगरपालिका कृषि ईकाईले १५ दिनको म्याद राखि प्रश्तावना आव्हानका लागि सूचना जारि गर्ने छ ।

(ख)उक्त अवधि भित्र प्रश्ताव पेश गर्ने कृषकले तपशिलका सम्पूर्ण विवरणहरु साथमा निवेदन वुझाउनु पर्ने छ। कृषकले पेश गर्नु पर्ने कागजात तथा विवरणहरु : १ नागरिकताको प्रतिलिपि २. करार खेतीका लागि जग्गा धनि संग गरेको सम्झौता (कम्तिमा ५ वर्ष भन्दा वढि) ३. करार खेती गरिने जग्गाको लाल पुर्जाको प्रतिलिपी ४. वडा कार्यालयको सिफारीस ५.अनुसूची १ मा आधारित भई तयार गरिएको प्रश्तावना ६. त्यस विषय संग सम्वन्धित तालिम लिएको भए प्रमाण पत्रको प्रतिलिपि ७. व्यवसाय संचालनका लागि कानुन वमोजिमको दर्ता प्रमाण पत्रको प्रतिलिपी ८. अनुसुची २ अनुसारको निवेदन ।

(ग)करार खेती गर्ने कृषकको छनौट गर्दा माथिका रित पूर्वक पेश हुन आएका निवेदनहरुका आधारमा कृषि ईकाईको सहजिकरणमा आर्थिक विकास समितीले अनुसूचि ३ का मापदण्डका आधारमा छनौट गर्ने छ ।

(घ)छनौट कृषकलाई अनुसूचि ४ मा उल्लेखित सर्तनामा गरि सम्झौता गरिने छ र प्रति रोपनी जग्गाका लागि निजका नाममा रहेको वैक खाता मार्फत रु ५ हजार अक्षरि रु पाचँ हजारका दरले उपलव्ध गराईने छ । उक्त रकम उपलव्ध गराउदा अनिवार्य आवश्यक कागजात र करार खेतीका लागि लागेको विल भरपाईहरु वुझाउनु पर्ने छ साथै अनुसूची ५ को प्रगति विवरण समेत पेश गर्नु पर्ने छ ।

(ङ)मुसीकोट नगरपालिकावाट जिम्मेवार पदाधिकारी तथा कर्मचारी वाट अनुगमन गर्दा प्रश्तावना र सम्झौता वमोजिम कार्य नभएको पाईएको खण्डमा आर्थिक विकास समितीमा निर्णय गरि सम्झौता रद्ध गरिने छ ।

मुसीकोट नगरपालिका रुकुम (पश्चिम)

## अनुसूची १

### करार खेतीका लागि कृषकले पेश गर्ने प्रशतावना

कृषकको नाम थरः

ठेगानाः गाँउः वार्ड नं.

नगरपालीकाः जिल्लाः

करारमा खेती गरिने स्थानः जग्गा क्षेत्रफलः

जग्गा करार गरिएको वर्षः करार अवधिः

हाल लगाईएको वालीः

सहयोग स्वरुप माग गरेको अनुदान रकम लगानीः आफ्नो लगानीः

उत्पादन हुने परिमाणः

बजार योग्य परिमाणः

व्यवसाय संचालन गरिने स्थानः

संचालन गरिने कार्य विवरणः

| सि.न. | संचालन क्रियाकलाप | अनुदान रकम | निजी लगानी | जम्मा लगानी |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

व्यवसायिक खेती गरिरहेको भए विगत कति वर्ष देखि निरन्तर गरि रहेको ? वर्ष महिना

व्यवसायको लागी श्रमको व्यवस्थापनः क परिवारिक ख वाहिरवाट ग दुवै

सहि गर्नेको नामः

नाम थरः संस्था भए छाप

पदः

दस्तखतः फोन नं मितिः

मुसिकोट नगरपालिका रुकुम (पश्चिम)

# अनुसूची २

करार खेती प्रश्तावनामा आधारित कार्यक्रम अनुदान सहयोग प्राप्त गर्नको लागि दिईने आवेदन पत्र

श्री मान्                    ज्यू,

मुसीकोट नगरपालीका कृषि इकाई, रुकुम

विषयः करार खेती प्रश्तावनामा आधारित कार्यक्रम अनुदान कार्यक्रम उपलब्ध गराई दिने वारे ।

महोदय,

मलाई उक्त अनुदान सहयोग प्राप्त गरी ………………………………………………………… कार्य गर्न तित्र ईच्छा भएकोले निम्नानुसार कागजात राखी निवेदन गर्दछु । मैले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार मुसीकोट नगरपालीमा भित्रै रही कार्य गर्नेछु।पुनश्चः तपशिल अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न राखेको व्यहोरा समेत अनुरोध गर्दछु ।

तपशिल

१.अनुसूची १ अनुसारको संक्षिप्त कार्ययोजना

२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी

३.करार खेती गरिने जग्गाको लाल पुर्जाको प्रतिलिपी

४.बडा कार्यालयको सिफारिस

५.अन्य प्रमाणीत प्रमाण पत्रहरु (तालिम,शैक्षिक योग्यता) र व्यवसाय संचालनका लागि अनुमती पत्र र प्रमाणपत्र हरु आदिका प्रतिलिपीहरु

निवेदक
नामः
दस्तखतः
ठेगानाः
फोन नं.

मुसिकोट नगरपालिका रुकुम (पश्चिम)

## अनुसूची ३

करार खेती प्रश्तावनामा आधारित कार्यक्रम अनुदान सहयोगका लागि छनौट मापदण्ड

| क स | मापदण्डका आधार | मापन मूल्यांकन | कैफियत |
|---|---|---|---|
| १ | पेश प्रश्तावना | २० | प्रश्तावनाको मूल्यांकन |
| २ | कृषकको आर्थिक अवस्था | १० | गरिव कृषक लाई प्राथमिकता |
| ३ | व्यवसायिकता र नविनतम प्रविधि र कार्य | १० | |
| ४ | संचालनका लागि पूर्व तालिम र अन्य | १० | |
| ५ | उक्त व्यवसाय वाट अन्यमा हुने लाभ | १० | |
| ६ | नगरपालिका वाट दिनु पर्ने प्राथमिकता | १० | एकल महिला दलित जनजाति द्धन्द पिडित |
| ८ | व्यवसायिक योजना कार्वान्वयन गर्ने क्षमता | ३० | |

मुसिकोट नगरपालिका रुकुम (पश्चिम)

अनुसुची: ४

# करारखेती  प्रश्तावनामा आधारित कार्यक्रम संचालनको लागि गरिने
# सम्झौता-पत्र

मुसिकोट नगरपालीकाद्धारा कृषि ईकाइ मार्फत संचालन गरिने चालु आ.व. २०७ ।७ को स्वीकृत करारखेती प्रश्तावनामा आधारित कार्यक्रम संचालन गर्न मुसिकोट नगरपालीका कृषि इकाई (यस भन्दा पछाडि पहिलो पक्ष भनिने) बिशिष्टताको आधारमा छनौट भएका कृषक श्री/सुश्री/श्रीमती..............................(यस भन्दा पछाडि दोश्रो पक्ष भनिने) बिच तपसिल शर्तनामाहरु गरी गराई सम्पन्न गर्न सम्झौता/सहमति भएको छ ।

१. पहिलो पक्षले दोश्रो पक्षलाई व्यवसाय संचालनको लागी कार्ययोजना अनुसार २ किस्तामा कार्यविधि अनुसार सम्वन्धित कृषकको खातामा अनुदान स्वरुप तेस्रो पक्षको रोहवरमा उपलव्ध गराउने छ ।
२. दोश्रो पक्षले पहिलो पक्षवाट आवश्यक प्राविधिक प्राप्त गरी आफुले आवेदन गरे अनुसारको व्यवसाय संचालन गर्नेछ....................................।
३. पहिलो पक्षले नियमित रुपमा व्यवसाय संचालन गरे नगरेको अनुगमन गर्नेछन् ।
४. यस सम्झौता उल्लेखित काम गर्दा परि आउन सक्ने कुनै पनि प्राकृतिक प्रकोपभवितव्यको पूर्ण , जिम्मेवारी दोश्रो पक्ष स्वंयम आफै हुनेछ ।
५. यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित नियम कानून बमोजिम हुनेछ ।

पहिलो पक्ष
मुसिकोट न.पा. तर्फवाट सहि गर्ने
नामः
पदः
दस्तखतः
मितिः
कार्यालयको छापः
सम्पर्क फोन नं.

दोश्रो पक्ष
उद्यमी वा कृषकको तर्फवाट सहि
नामः
पदः
दस्तखतः
मितिः
औठाको छापः
संस्थाको छाप
रोहवर
नामः
पदः

मुसिकोट नगरपालिका रुकुम (पश्चिम)

# अनुसूची ५

## करार खेतीगर्ने अनुदान प्राप्त कृषकले पेश गर्ने प्रगति विवरण

कृषकको नाम थरः

ठेगानाः गाँउः वार्ड नं.

नगरपालीकाः जिल्लाः

करारमा खेती गरिने स्थानः जग्गा क्षेत्रफलः

जग्गा करार गरिएको वर्षः करार अवधिः

लगाईएको वालीः

मुसीकोट नगरपालिका वाट प्राप्त अनुदान रकम आफ्नो लगानीः

| सि.न. | संचालन क्रियाकलाप | लगाईएको वाली | उत्पादन | विक्रि परिमाण | आम्दानि |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

नाम थरः संस्था भए छाप

पदः

दस्तखतः फोन नं मितिः

**आज्ञाले**

**प्रमाणीकरण मिति २०७५ असोज १८ गते**

**(माधव प्रसाद शर्मा)**

**प्रमुख प्रशासकीय अधिकृत**

मुसिकोट नगरपालिका रूकुम (पश्चिम)